स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता राजेश हमालले कुनै पनि सरकारको पहिलो सय दिनको मूल्यांकन केवल घोषणा वा प्रतिबद्धताका आधारमा नभई जनताले अनुभूत गरेका परिणामका आधारमा हुनुपर्ने बताएका छन्। सामाजिक सञ्जालमा पोस्ट लेख्दै उनले सरकारको कार्यसम्पादन, राष्ट्रिय हित, लोकतन्त्र, युवा आन्दोलन र विधिको शासनबारे आफ्नो धारणा साझा गरेका हुन्। उनले नेपाल राष्ट्रिय हितबाट निर्देशित हुनुपर्ने बताएका छन्।

आजको विचार...



जलाशययुक्त...
(दुई पेजमा)

माधवप्रसाद पौडेल



अभिनेत्री रेखा थापाको ८ वर्षपछिको निर्देशकीय कमब्याक फिल्म "माया भनेकै यस्तो होला"को फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ। तीजको छेको पारेर भदौ २६ गतेबाट प्रदर्शनमा आउन लागेको यस फिल्मको सार्वजनिक पोस्टरमा अभिनेता दिल श्रेष्ठलाई केन्द्रमा राखिएको छ। दिललाई लक्ष्मी गिरी र संगम भण्डारीले हल्दी लगाइरहेका छन् भने ह्विलचेयरमा बसेका मदनकृष्ण श्रेष्ठ प्रफुल्ल मुद्रामा दिललाई हेरिरहेका देखिन्छन्।

❐ वर्ष ३१ ❐ अंक ३४४ ❐ २०८३ असार २८ गते आइतबार 12 July 2026, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### इबोला सङ्क्रमण तिव्र, ६४८ जनाको मृत्यु



(रासस/क्युएनए)

**कङ्गो,** असार २७/लोकतान्त्रिक गणतन्त्र कङ्गोका स्वास्थ्य अधिकारीहरूका अनुसार शनिबार इबोला प्रकोपका कारण मृत्यु हुने मानिसहरुको सङ्ख्या ६४८ जना पुगेको छ भने एक हजार ८३० जनामा सङ्क्रमण पुष्टि भएको घटनाहरूको दर्ता भएका छन् । पछिल्लो तथ्याङ्कमा विगत २४ घण्टामा दर्ता भएका सङ्क्रमण र मृत्युहरूसमेत समावेश भएको अधिकारीहरूले बताएका छन् । स्वास्थ्य मन्त्री स्यामुएल रोजर कम्बाले विज्ञप्ति जारी गर्दै सरकारले देशको उत्तर र उत्तरपूर्वमा सोपो र हाट-युलेलाई समावेश गरी इबोला प्रकोपबाट उच्च गतिमा प्रभावित प्रान्तहरूको सूची विस्तार गरेको बताउनुभएको छ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले यस अघि नै डेमोक्रेटिक रिपब्लिक अफ कङ्गोमा इबोला प्रकोपको वास्तविक मात्रा आधिकारिक तथ्याङ्कले देएको भन्दा दुई देखि चार गुणा बढी हुन सक्ने चेतावनी दिएको थियो ।

# दाउन्नेको सास्ती हट्यो, सहज बन्दै नारायणघाट–बुटवल यात्रा

**राष्ट्रिय समाचार समिति (रासस)**

मध्यविन्दु (नवलपरासी), असार २७/ गत वर्षसम्म सामान्य वर्षा हुँदा पनि घण्टौँ सवारीसाधन जाम हुने दाउन्ने क्षेत्र यस वर्ष भने सहज बनेको छ । नारायणघाट-बुटवल सडक विस्तार आयोजनाको निर्माण अन्तिम चरणमा पुगेपछि बर्खाको समयमा समेत यस क्षेत्रमा सवारी आवागमन सहज हुन थालेको हो ।

गत वर्षसम्म सामान्य वर्षा, सडक निर्माण, पहिरो पन्छाउने काम तथा सवारीसाधन बिग्रिए पनि दाउन्ने क्षेत्रमा लामो जाम लाग्ने गरेको थियो । विशेषगरी बर्खा र हिउँदमा हजारौँ यात्रुले घण्टौँ सडकमै बस्नुपर्ने अवस्था थियो । तर यस वर्ष सडकको अधिकांश भाग कालोपत्र भई निर्माण अन्तिम चरणमा पुगेपछि यात्रुले त्यस्तो सास्ती भोग्नुपरेको छैन ।



नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को विनयी त्रिवेणी गाउँपालिका-२ अन्तर्गत पर्ने दाउन्ने क्षेत्र २०८१ साउन १ गतेदेखि २०८२ असार ३२ गतेसम्म ६३ पटक अवरुद्ध भएको तथ्याङ्क रहेको छ । तर यस वर्ष त्यो अवस्था हटेको छ । दैनिक रूपमा यही सडक प्रयोग गर्ने स्थानीयवासी तथा चालकहरू पनि यस वर्षको अवस्था विगतभन्दा फरक रहेको बताउँछन् । यस राजमार्गमा नियमित सवारीसाधन चलाउँदै आएका रामु भुसालले पहिले दाउन्ने पार गर्नै घण्टौँ लाग्ने गरेको स्मरण गर्दै अहिले सहज रूपमा यात्रा गर्न पाइएकामा खुसी व्यक्त गरे । "गत वर्ष पानी पर्ने बित्तिक्कै दाउन्नेको जाममा फसिन्थ्यो । अहिले सडक फराकिलो र कालोपत्र भएकाले यात्रा सहज भएको छ । यात्राको समय पनि घटेको छ", उनले भने । दाउन्ने क्षेत्रमा सहजरुपमा यातायात सञ्चालन हुन थालेपछि स्थानीय बासिन्दा, व्यवसायी र यात्रुले राहत महसुस गरेका बिनयी त्रिवेणी गाउँपालिकाका अध्यक्ष घनश्याम गिरीले बताए । "दाउन्नेको समस्या राष्ट्रिय चिन्ताको विषय बनेको थियो । अहिले सडक विस्तार अन्तिम चरणमा पुग्दा आवागमन सहज भएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

## लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं

-घर वरिपरि पानी जम्न नदिऔं,
-सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
-लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
-घर तथा वातावरण सफा र स्वच्छ राखौं,
-झ्याल-ढोकामा जालीको प्रयोग गरौं,
-डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
-फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
-समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं ।
सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## तीन जनाले गरे आत्मदाह प्रयास, दुईको मृत्यु, एक घाइते

**काठमाडौं,** असार २७/ पछिल्लो तीन दिनमा तीन जनाले आफ्नै शरीरमा पेट्रोल छर्केर आगो लगाएका छन् । जस मध्ये दुई जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।



शनिबार काठमाडौंको बुद्धनगरमा आत्मदाह प्रयास गरेका ४५ वर्षीय आश्विन राउतको निधन भएको प्रहरीले जनाएको छ । आत्मदाह प्रयासपछि वीर अस्पतालमा उपचाररत उनको शनिबार अपरान्ह मृत्यु भएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी पवन भट्टराईले जानकारी दिए । आफ्नै घरको भान्सा कोठामा आत्मदाह प्रयास गरेका थिए । उनलाई सघन कक्ष ( आईसीयू) मा राखेर उपचार गरिएको थियो । उनको शरीर ५० प्रतिशतभन्दा बढी जलेको थियो । राउत श्रीमती र छोरासहित बुद्धनगरमा बस्दै आएका थिए । राउत व्यवसायी हुन् । उनी व्यापार व्यवसाय धराशायी भएपछि केही समय यता निराश थिए । उनको बुद्धनगरस्थित बुद्ध विहार छेउमा ठूलो कम्पाउण्डभित्र एक तले घर छ । राउतले व्यवसाय सञ्चालनमा समस्या भएपछि ललितपुर, भैसेपाटीमा रहेको जग्गा बेच्न खोजेका थिए । विभिन्न कारणले जग्गा बिक्री नहुँदा थप तनावमा थिए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## वित्तीय सुशासनलाई व्यवहारमै कार्यान्वयन गरौं

**कुनै पनि राष्ट्रको समृद्धि, विकास र नागरिकको विश्वासको आधार वित्तीय सुशासन हो । राज्यले संकलन गर्ने राजस्व, विदेशी सहायता, ऋण तथा सार्वजनिक स्रोत–साधनको पारदर्शी, उत्तरदायी र प्रभावकारी व्यवस्थापन हुन सके मात्र दिगो विकासको लक्ष्य हासिल गर्न सकिन्छ । तर सार्वजनिक खर्चमा अनियमितता, भ्रष्टाचार, स्रोतको दुरुपयोग तथा कमजोर अनुगमनका कारण वित्तीय सुशासन चुनौतीपूर्ण बन्दै गएको छ ।**

**वित्तीय अनुशासनका धेरै आयाम छन् । बजेट निर्माण, योजना तर्जुमा, कार्यक्रमका लागि विनियोजनका आधार तय, खर्च व्यवस्थापन, कार्यक्रम अनुगमन तथा समीक्षा र लेखापरीक्षण सार्वजनिक वित्त व्यवस्थापनका तत्व हुन् । सार्वजनिक वित्तीय व्यवस्थापनलाई पारदर्शी र जवाफदेही बनाउनु, राज्यको सार्वजनिक खर्च र सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखांकन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरूपता कायम गर्नु वित्तीय सुशासनको मूलभूत उद्देश्य हो । सार्वजनिक आय र व्ययका कार्यमा जनसाधारणलाई वित्तीय सुशासनको प्रत्याभूति दिनु सरकारको दायित्व हो । नेपालको सन्दर्भमा वित्तीय सुशासनलाई सुदृढ बनाउन अझै धेरै काम गर्न बाँकी छ । प्रत्येक वर्ष सार्वजनिक लेखापरीक्षणका प्रतिवेदनमा बेरुजु बढ्दै जानु, विकास आयोजनामा ढिलासुस्ती, अनियमित खरिद प्रक्रिया तथा बजेटको असन्तुलित खर्चजस्ता समस्या दोहोरिरहन्छन् । यस्ता प्रवृत्तिले राज्यको आर्थिक अनुशासन कमजोर बनाउनुका साथै विकासको गति पनि सुस्त बनाउँछन् । वित्तीय सुशासन सुनिश्चित गर्न सबै तहका सरकार, सार्वजनिक निकाय, निजी क्षेत्र र नागरिक समाजको समान जिम्मेवारी हुन्छ । सार्वजनिक खरिद प्रणालीलाई थप पारदर्शी बनाउने, सूचना प्रविधिको प्रभावकारी प्रयोग गर्ने, आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्ने, नियमित लेखापरीक्षण गर्ने तथा भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्बन गर्न आवश्यक छ । साथै नागरिकको सक्रिय निगरानी र सञ्चारमाध्यमको रचनात्मक भूमिकाले पनि वित्तीय अनुशासन कायम गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ । अन्ततः वित्तीय सुशासन कुनै वैकल्पिक विषय होइन, यो सुशासन र समृद्धिको आधारशिला हो । सार्वजनिक स्रोतको इमानदार, पारदर्शी र उत्तरदायी व्यवस्थापनबाट मात्र आर्थिक विकासले गति लिन्छ, नागरिकको विश्वास बलियो बन्छ र लोकतन्त्र थप सुदृढ हुन्छ । तसर्थ वित्तीय सुशासनलाई व्यवहारमै कार्यान्वयन गर्नु आजको प्रमुख आवश्यकता हो ।**

## Opinion @ Social Network

"कलियुगको भिडमा एक्लै लड्न नडराउनुस्,
संघर्ष तपाईंको हो भने जित पनि पक्का तपाइको नै हुनेछ ।"
*(नुर अर्गालीको फेसबुक स्टाटसबाट www.facebook.com/Nur.Argali)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जलाशययुक्त आयोजनाको विकास र नेपालको ऊर्जा सुरक्षा



माधवप्रसाद पौडेल

*देशको जडित विद्युत् क्षमता ४ हजार ३०० मेगावाट हाराहारी पुगेको छ, हजारौं मेगावाटका आयोजना निर्माणाधीन छन्, विद्युत् निर्यात राष्ट्रिय गौरवको विषय बन्दै गएको छ र नेपाललाई 'क्षेत्रीय हरित ऊर्जा केन्द्र' का रूपमा प्रस्तुत गर्ने प्रयासहरू पनि भइरहेका छन् । यी उपलब्धिहरू निःसन्देह उत्साहजनक छन् । तर उपलब्धिका यी चम्किला तथ्याङ्कभित्र एउटा मौन यथार्थ लुकेको छ ।*

कुलेखानी जलविद्युत् आयोजनाको जलाशयमाथि बिहानको घाम पर्दा पानीको सतह सुनौलो देखिन्छ । बाहिरबाट हेर्दा यो एउटा सामान्य जलाशय जस्तो लाग्न सक्छ, तर नेपालको ऊर्जा इतिहासमा यसको भूमिका असाधारण छ । दशकौंसम्म यही जलाशयले राष्ट्रिय विद्युत् प्रणालीलाई सङ्कटका बेला सहारा दियो । ग्रिड ठप्प हुँदा 'ब्ल्याक स्टार्ट' को आधार बन्यो, विद्युत् प्रणालीको वास्तविक (सक्रिय) तथा प्रत्यावर्ती शक्ति व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका निर्वाह गऱ्यो र राष्ट्रिय ऊर्जा प्रणालीलाई स्थिर राख्न मौन रूपमा योगदान दिइरह्यो । भारतीय ग्रिडमा आबद्धता भइरहँदा आज एउटा गम्भीर प्रश्न हाम्रोसामु उभिएको छ- यदि भोलि कुनै प्राकृतिक विपत्ति, प्राविधिक दुर्घटना, साइबर आक्रमण वा क्षेत्रीय सङ्कटका कारण राष्ट्रिय विद्युत् प्रणाली पुनः आफ्नै स्रोतबाट सञ्चालन गर्नुपर्ने अवस्था आयो भने, के हामीसँग अर्को कुलेखानी छ ? के हाम्रो ऊर्जा प्रणालीसँग त्यस्तो रणनीतिक सुरक्षा संरचना पर्याप्त मात्रामा उपलब्ध छ ? यही प्रश्नले नेपालको ऊर्जा सुरक्षा बारे गम्भीर बहसको आवश्यकता उजागर गर्छ । विगत तीन दशकमा नेपालले जलविद्युत् विकासमा उल्लेखनीय प्रगति गरेको छ । देशको जडित विद्युत् क्षमता ४ हजार ३०० मेगावाट हाराहारी पुगेको छ, हजारौं मेगावाटका आयोजना निर्माणाधीन छन्, विद्युत् निर्यात राष्ट्रिय गौरवको विषय बन्दै गएको छ र नेपाललाई 'क्षेत्रीय हरित ऊर्जा केन्द्र' का रूपमा प्रस्तुत गर्ने प्रयासहरू पनि भइरहेका छन् । यी उपलब्धिहरू निःसन्देह उत्साहजनक छन् । तर उपलब्धिका यी चम्किला तथ्याङ्कभित्र एउटा मौन यथार्थ लुकेको छ । राष्ट्रिय ऊर्जा सुरक्षाको मेरुदण्ड मानिने जलाशययुक्त विद्युत् उत्पादन क्षमता अझै अत्यन्त सीमित छ । हामीले विद्युत् उत्पादनको परिमाण त बढायौं, तर उत्पादन संरचनाको गुणस्तर, लचकता र दीर्घकालीन ऊर्जा सुरक्षालाई समान रूपमा सुदृढ गर्न सकेका छैनौं । आज नेपालले आफ्नो गन्तव्य स्पष्ट गर्नुपर्ने समय आएको छ । हाम्रो उद्देश्य केवल थप मेगावाट उत्पादन गर्नु हो कि ऊर्जा सुरक्षित, आत्मनिर्भर र सङ्कट प्रतिरोधी राष्ट्र निर्माण गर्नु हो ? यदि हाम्रो लक्ष्य केवल विद्युत् उत्पादन बढाउनु मात्र हो भने वर्तमान गतिले पनि त्यो सम्भव हुन सक्छ । तर यदि हाम्रो लक्ष्य दीर्घकालीन ऊर्जा सुरक्षा, आर्थिक स्वायत्तता र राष्ट्रिय रणनीतिक क्षमता निर्माण गर्नु हो भने, जलाशययुक्त जलविद्युत् आयोजनाको विकास अब विकल्प होइन, राष्ट्रिय आवश्यकता बनिसकेको छ ।

### ऊर्जा सुरक्षाको बहुआयामिक महत्व

ऊर्जा सुरक्षाको विषयलाई नेपालमा प्रायः विद्युत् उपलब्धतासँग मात्र जोडेर हेर्ने गरिन्छ । तर ऊर्जा सुरक्षा भनेको बत्ती बल्नु वा उद्योग सञ्चालन हुनु मात्र होइन । यो राष्ट्रिय सुरक्षा, आर्थिक स्थायित्व, औद्योगिकीकरण, खाद्य सुरक्षा, वैदेशिक मुद्रा सञ्चिति, जल व्यवस्थापन तथा भूराजनीतिक स्वायत्ततासँग प्रत्यक्ष सम्बन्धित विषय हो । कुनै पनि राष्ट्रका लागि सेना जति महत्त्वपूर्ण हुन्छ, ऊर्जा पूर्वाधार पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ । युद्ध, प्राकृतिक विपत्ति, अन्तर्राष्ट्रिय सङ्कट वा आपूर्ति अवरोधका समयमा सेनाले सीमाको रक्षा गरे झैं जलाशययुक्त आयोजनाहरूले ऊर्जा प्रणालीलाई सुरक्षित राख्ने क्षमता राख्छन् । त्यसैले यस्ता आयोजना केवल विद्युत् उत्पादन गर्ने संरचना मात्र होइनन्, राष्ट्रिय रणनीतिक सम्पत्ति पनि हुन् । विश्व राजनीतिमा पछिल्ला वर्षहरूमा देखिएका घटनाक्रमहरूले ऊर्जा र राष्ट्रिय सुरक्षा बीचको सम्बन्धलाई अझ स्पष्ट बनाएका छन् । ऊर्जा स्रोतहरू माथिको नियन्त्रण आज अन्तर्राष्ट्रिय शक्ति सन्तुलनको महत्त्वपूर्ण आधार बनेको छ । ऊर्जा आत्मनिर्भर राष्ट्रहरू सङ्कटका समयमा तुलनात्मक रूपमा बढी सुरक्षित र सक्षम देखिएका छन् । विश्वव्यापी ऊर्जा आपूर्ति शृङ्खलामा आउने अवरोध, इन्धन बजारमा हुने उतारचढाव तथा ऊर्जा स्रोतलाई राजनीतिक दबाबको साधनका रूपमा प्रयोग गरिएका घटनाहरूले ऊर्जा आत्मनिर्भरताको महत्त्व झन् बढाएको छ । नेपालले पनि यसबाट गम्भीर पाठ सिक्न आवश्यक छ । नेपालको ऊर्जा उपभोग संरचना हेर्दा अझै पनि आयातित जीवाश्म इन्धनमाथिको निर्भरता उच्च रहेको देखिन्छ । कुल ऊर्जा खपतको करिब २२ प्रतिशत हिस्सा आयातित पेट्रोलियम पदार्थमा आधारित छ । यसले प्रत्येक वर्ष अर्बौं रुपैयाँ बराबरको विदेशी मुद्रा बाहिर पठाइरहेको छ । ऊर्जा आयात बढेसँगै व्यापार घाटा बढ्ने मात्र होइन, राष्ट्रको आर्थिक स्वायत्तता पनि कमजोर बन्छ । विगतका नाकाबन्दी तथा आपूर्ति अवरोधका घटनाहरूले पेट्रोलियम पदार्थमा अत्यधिक निर्भरता राष्ट्रिय सुरक्षाकै जोखिम बन्न सक्ने तथ्य प्रमाणित गरिसकेका छन् । त्यसैले एकातिर आयातित इन्धनको परिमाण कम गर्दै स्थानीयस्तरमा उत्पादित घरेलु विद्युत्को खपत बढाउँदै लैजानुपर्ने चुनौती हाम्रोसामु छ भने, अर्कोतिर जलाशययुक्त आयोजनाको निर्माण गरी ऊर्जा सुरक्षालाई संस्थागत गर्नुपर्नेछ ।

### उत्पादन संरचनामा असन्तुलन र जलाशयको आवश्यकता

नेपालले विद्युत् उत्पादनमा उल्लेखनीय प्रगति गरे पनि उत्पादन संरचनामा अझै गम्भीर असन्तुलन छ । हालको जडित क्षमता उल्लेखनीय छ । तर यसको अधिकांश हिस्सा 'नदी प्रवाहमा आधारित' आयोजनाहरूबाट आएको हो । यस्ता आयोजनाले वर्षायाममा उच्च उत्पादन गर्छन्, तर हिउँदमा उत्पादन उल्लेखनीय रूपमा घट्छ । कतिपय अवस्थामा उत्पादन स्थापित क्षमताको एकतिहाइभन्दा तल झर्ने अवस्था आउँछ । परिणामस्वरूप वर्षायाममा विद्युत् बढी भएर निर्यातको अनिवार्यता देखिन्छ भने सुक्खायाममा आयात गर्नुपर्ने अवस्था कायम रहन्छ । यसै कारण जलाशययुक्त आयोजनाको महत्त्व अझ बढ्छ । जलाशययुक्त आयोजनाले आवश्यकता अनुसार पानी सञ्चित गरेर विद्युत् उत्पादन गर्न सक्ने भएकाले मौसमको प्रभावलाई धेरै हदसम्म नियन्त्रण गर्न सक्छन् । ऊर्जा सञ्चिति, माग व्यवस्थापन, ग्रिड स्थिरता तथा आकस्मिक अवस्थाको व्यवस्थापनमा यस्ता आयोजनाको भूमिका अपरिहार्य हुन्छ । कुलेखानी प्रथम, दोस्रो र तेस्रो गरी १०६ मेगावाटको आयोजना बाहेक निर्माणाधीन १४० मेगावाटको तनहुँ जलविद्युत् आयोजना सम्पन्न भएपछि पनि नेपालको कुल जलाशययुक्त क्षमता २४६ मेगावाट मात्र हुनेछ, जुन कुल जडित क्षमताको झन्डै ६ प्रतिशत मात्र हो । ऊर्जा सुरक्षाको दृष्टिकोणबाट हेर्दा यो अत्यन्त न्यून अनुपात हो । यता ६७० मेगावाटको दूधकोशी जलाशययुक्त आयोजना, १२०० मेगावाटको बूढीगण्डकी आयोजना, १० हजार ८०० मेगावाटको कर्णाली चिसापानी आयोजना तथा ६ हजार ४८० मेगावाटको पञ्चेश्वर बहुउद्देश्यीय आयोजना जस्ता रणनीतिक महत्त्वका परियोजना दशकौंदेखि छलफलमा छन् । विशेषगरी बूढीगण्डकी आयोजना लगभग हरेक वर्षको बजेट, नीति तथा कार्यक्रममा प्राथमिकताका साथ उल्लेख हुन्छ, तर कार्यान्वयनको गति हेर्दा अझै पनि अपेक्षा अनुसार प्रगति हुनसकेको छैन । यसले नीति र कार्यान्वयन बीचको दूरीलाई स्पष्ट देखाउँछ ।

### उत्पादन मिश्रणको नीति र पुनरावलोकन

ऊर्जा सुरक्षाको अर्को महत्त्वपूर्ण पक्ष 'उत्पादन मिश्रण' हो । 'राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत् विकास दशक, २०७२' ले जलाशययुक्त तथा पम्प स्टोरेज आयोजनाको हिस्सा ४०-५० प्रतिशत, अर्धजलाशययुक्त आयोजनाको हिस्सा १५-२० प्रतिशत, नदी प्रवाहमा आधारित आयोजनाको हिस्सा २५-३० प्रतिशत तथा वैकल्पिक ऊर्जाको हिस्सा ५-१० प्रतिशत रहने लक्ष्य निर्धारण गरेको थियो । यो नेपालको सम्भवतः पहिलो स्पष्ट उत्पादन मिश्रण नीति थियो । तर पछि गरिएका संशोधन मार्फत १५ हजार मेगावाटको जम्मा परिमाणलाई आधार मानी नदी प्रवाहमा आधारित आयोजनाको हिस्सा ४०-४५ प्रतिशत, जलाशययुक्त आयोजनाको हिस्सा २०-२५ प्रतिशत, अर्धजलाशययुक्त आयोजनाको हिस्सा २५-३० प्रतिशत र अन्य वैकल्पिक ऊर्जाको हिस्सा ५-१० प्रतिशत कायम गरियो । त्यसैको आधारमा हालसम्म करिब १२ हजार मेगावाट क्षमताका विभिन्न आयोजनासँग नेपाल विद्युत् प्राधिकरणले विद्युत् खरिद सम्झौता (पीपीए) सम्पन्न गरिसकेको छ । अल्पकालीन रूपमा यो निर्णय सहज देखिए पनि दीर्घकालीन ऊर्जा सुरक्षाको दृष्टिकोणबाट यसको पुनरावलोकन आवश्यक देखिन्छ । नेपालको ऊर्जा विकासको वर्तमान संरचनाले सुक्खायाममा विद्युत् आयातको आवश्यकता अझै केही वर्ष कायम रहने सङ्केत गर्छ । जडित क्षमता पर्याप्त हुँदाहुँदै पनि माग र आपूर्ति बीच सन्तुलन कायम गर्न कठिनाइ हुनु यही संरचनागत कमजोरीको परिणाम हो । यदि उत्पादन मिश्रणमा जलाशययुक्त आयोजनाको हिस्सा पर्याप्त हुन्थ्यो भने हिउँदमा आफ्नै स्रोत परिचालन गरिन्थ्यो वा आयातको आवश्यकता उल्लेखनीय रूपमा घटाउन सकिन्थ्यो ।

### वित्तीय र नीतिगत चुनौती

यद्यपि जलाशययुक्त आयोजनाको विकास सजिलो छैन । ठूलो जलाशय निर्माणका लागि व्यापक जग्गा अधिग्रहण, पुनर्स्थापना तथा पुनर्वास, वातावरणीय प्रभाव मूल्याङ्कन, सामाजिक स्वीकृति, उच्च प्रारम्भिक लगानी तथा लामो निर्माण अवधि आवश्यक पर्छ । यस्ता कारणले निजी क्षेत्र एक्लैले यस्ता आयोजना विकास गर्न कठिन हुन्छ । त्यसैले यस्ता परियोजनालाई केवल व्यावसायिक नाफाको आधारमा मूल्याङ्कन गर्नु पर्याप्त हुँदैन । राज्यले यिनलाई रणनीतिक पूर्वाधारका रूपमा स्वीकार गर्दै विशेष नीतिगत र वित्तीय सहयोग प्रदान गर्नुपर्छ । यस सन्दर्भमा विद्युत् नियमन आयोगले हालै जलाशययुक्त आयोजनाका लागि निर्धारण गरेको पीपीए दर- सुक्खायाममा प्रतियुनिट रु.१४.८० तथा वर्षायाममा रु.८.४५ सकारात्मक कदम हो। तर केवल पीपीए दर बढाएर मात्र यस्ता आयोजना आकर्षक बन्न सक्दैनन् ।

### निष्कर्ष

जलाशययुक्त आयोजनाहरू ऊर्जा सञ्चितिका माध्यम मात्र होइन ती खाद्य सुरक्षा, जल व्यवस्थापन, बाढी नियन्त्रण, औद्योगिक विकास, पर्यटन प्रवर्धन र राष्ट्रिय सुरक्षाका आधारस्तम्भ हुन्। ऊर्जा आत्मनिर्भरता विना आर्थिक आत्मनिर्भरता सम्भव छैन, र ऊर्जा सुरक्षा विना राष्ट्रिय सुरक्षा पूर्ण हुन सक्दैन।***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : योजना पूरा गर्नको लागि संघर्ष गर्नुपर्ला। स्वास्थ्यमा चिसोबाट जोगिनुहोस्।
**वृष** : कलाको क्षेत्रमा सफलता मिल्नेछ। प्रियजनसँग रमाइलो भेटघाट हुनेछ।
**मिथुन** : स्वास्थ्य अलि कमजोर देखिएको छ। प्रेम र मित्रताको बन्धन कसिनेछ।
**कर्कट** : साहसिक कार्य गर्ने समय रहेको छ। व्यापार व्यवसायमा आम्दानी बढ्नेछ।
**सिंह** : अभिव्यक्ति कलामा निखार आउनेछ। जिम्मेवारी निभाउन रकम खर्च गर्नुपर्ला।
**कन्या** : पेशामा सहयोगी वर्गहरूको सहयोग पाइनेछ। स्वास्थ्य सबल रहनेछ।
**तुला**: कमजोरीले प्रतिष्ठामा समस्या पर्ला। मिलेर काम गर्नु लाभदायक रहला।
**वृश्चिक** : कामको तालिका फेरिन सक्छ। काम पहिले सक्नु आवश्यक छ।
**धनु** : आफन्तको आउजाउ हुन सक्छ। भेटघाटले रमाइलो वातावरण बनाउनेछ।
**मकर** : जानकारी प्राप्त हुनेछ। प्रतिक्रिया पछि बदल्नुपर्ने अवस्था आउन सक्छ।
**कुम्भ** : आवश्यक खर्च बढ्न सक्छन्। पुरानो हिसाब मिलाउने समय मिल्नेछ।
**मीन** : जिम्मेवारीले नाम कमाउन सक्नुहुनेछ। सफलताले थप उत्साह दिनेछ।

कृषि

# जलवायुमैत्री प्रविधिको प्रयोगबाट धानमा आत्मनिर्भरताको अपेक्षा



धानबालीको उत्पादनले मात्रै देशको कूल गार्हस्थ्य उत्पादनमा करिब रु दुई खर्ब बराबरको योगदान गरेको छ । मुलुकको कूल गार्हस्थ्य उत्पादनमा समग्र कृषि क्षेत्रले करिब २३ प्रतिशत हाराहारीमा योगदान गरेको हो । कृषि विभागले उपलब्ध गराएको तथ्याङ्कअनुसार नेपालमा ४१ लाख ३१ हजार कृषक घरधुरीमध्ये २७ लाख ६५ हजार घरधुरी धानखेतीमा आबद्ध रहेका छन् । कूल खेती गरिएको जमिनमध्ये ५४ प्रतिशतमा धानखेती हुने गरेको विभागका महानिर्देशक प्रकाशकुमार सन्जेलले बताए । कृषि, वन तथा पर्यावरण मन्त्रालयले धानबालीमा आत्मनिर्भरता हासिल गर्न विविध कार्यक्रम सञ्चालन समेत गरेको छ । चैते धानबालीको क्षेत्र विस्तार, उत्पादकत्व वृद्धिका लागि उन्नत बीउ उत्पादन तथा उपयोग प्रवर्द्धन, स्वदेशी उन्नत जात विकास, रासायनिक मल उपलब्धता सुनिश्चितता, प्रविधि प्रसार एवं बजार मूल्य सुनिश्चितका लागि न्यूनतम समर्थन मूल्य निर्धारणमा मन्त्रालयले कार्य गर्दै आएको छ । धानबाली सामाजिक, आर्थिक, सांस्कृतिक एवं धार्मिक महत्वका कारण नेपाली जनजीवनको पहिचानसँग जोडिएको छ । धानखेतीलाई खाद्य तथा पोषण सुरक्षाको आधारस्तम्भको रुपमा पनि लिइएको छ । कृषक परिवारको जनजीविका, कृषि उत्पादन, मुलुकको समग्र खाद्य सुरक्षा र अर्थतन्त्रमा योगदानका कारण नेपाल सरकारको दीर्घकालीन तथा आवधिक योजना एवं वार्षिक विकास कार्यक्रममा धानबाली प्राथमिकता प्राप्त बाली रहँदै आएको छ । पछिल्लो राष्ट्रिय कृषि गणनाअनुसार कृषि गार्हस्थ्य उत्पादनमा धानबालीको करिब १३ प्रतिशत हिस्सा रहेको तथा कूल खाद्यान्न बाली उत्पादनमा धानबालीको हिस्सा ५० प्रतिशत रहेको छ । करिब १४ लाख हेक्टरमा धानखेती हुने गरेको छ । आव २०८१/८२ मा ५९ लाख ५५ हजार ४७६ मेट्रिक टन धान उत्पादन भएको विभागले जनाएको छ । विभागका महानिर्देशक सन्जेलकाअनुसार देशभर वार्षिक करिब ७० लाख मेट्रिक टन धानको आवश्यकता पर्दछ । विद्यमान उत्पादनले माग धान्न नसक्दा बर्सेनि करिब १० लाख मेट्रिक टन धान अपुग हुन्छ । मागअनुसार उत्पादन हुन नसक्दा तथा अधिकांश उपभोक्ताको जीवनस्तरमा आएको सुधारका कारण मसिनो तथा बास्नादार चामलको माग बढेकाले पनि आयात वृद्धि भएको छ । प्रत्येक वर्ष करिब ३० देखि ३५ अर्ब रुपैयाँभन्दा बढीको धान र चामल आयात हुने गरेको छ । चालु आवको ११ महिनामा मात्रै करिब रु १७ अर्ब बराबरको धान, चामल तथा धानको बीउ आयात भएको भन्सार विभागले जनाएको छ । गत वर्ष चैतसम्म रु १८ अर्ब पाँच करोड २० लाख बराबरको धान आयात भएको जनाइएको छ । तथ्याङ्कअनुसार चालु आव २०८२/८३ को नौ महिनामा धान चामल आयातबापत सरकारले रु दुई अर्ब २६ करोड ४६ लाख राजस्व सङ्कलन गरेको छ । गत आवको सोही अवधिमा सरकारले यसै शीर्षकबाट रु दुई अर्ब ९४ करोड राजस्व सङ्कलन गरेको थियो । देशका कतिपय स्थानमा जलवायु र सिँचाइको अभावले धान रोपाइँ आकासेपानी र मनसुनमा निर्भर छ । उत्पादन अझै पनि पूर्ण रूपमा बढ्दो सहरीकरणका कारण पनि खेतीयोग्य जमिनको घट्दो क्रममा छ । त्यसको असर उत्पादनमा पनि पर्ने गरेको छ । धानबालीको क्षेत्रमा आएको कमीका कारण उत्पादकत्व वृद्धि अपरिहार्य रहेको सन्दर्भमा जलवायु परिवर्तनको नकारात्मक प्रभाव चुनौतीको रुपमा देखिएको छ । मौसमी वर्षामा निर्भर नेपालको खेती प्रणाली विगत केही वर्षदेखि विभिन्न जलवायु सिर्जित प्रकोपबाट प्रभावित रहँदै आएको छ । विभिन्न समयमा आएका बाढी, पहिरो, डुबानले देशका विभिन्न भूभाग प्रभावित भएका छन् । गत वर्ष तराईमा सुक्खाका कारण धान रोपाइँ प्रभावित भई उत्पादनमा प्रतिकूल असर समेत परेको थियो । सन् २०२६ को मध्यबाट एलनिनोको प्रभाव देखा परेको थियो । यो एक प्राकृतिक जलवायु चक्र हो । यसले विश्वभरिको मौसम र तापक्रममा ठूलो फेरबदल ल्याउने गरेको छ । यो प्रशान्त महासागरको मध्य तथा पूर्वी भागको समुद्री सतहको तापक्रम सामान्यभन्दा बढी बढ्दा उत्पन्न हुने प्रक्रिया हो । 'एल निनो' दक्षिणी प्रशान्त महासागरमा हुने गरेको अस्वाभाविक चालका कारण सामुद्रिक तापक्रमको फरकपन हो । नेपालमा पनि यसको प्रभावले खण्डवृष्टि, सुक्खापन वा अत्यधिक वर्षाले गर्दा उत्पादनमा वर्षौंपिच्छे उतारचढाव आउने गरेको छ । मौसमको प्रतिकूलताका कारण यस वर्ष देशभर धान रोपाइँ गत वर्षको तुलनामा ४.३ प्रतिशतले कमी आएको छ । गत वर्ष १५.६ प्रतिशत रोपाइँ भएकामा यस वर्ष ११.३ प्रतिशत कमी आएको हो । रोपाइँ कम हुँदा त्यसको असर उत्पादनमा पनि पर्ने प्रक्षेपण गरिएको छ । यही असार १२ गतेसम्म देशभर करिब एक लाख ५७ हजार हेक्टर जमिन रोपाइँ भएको जनाइएको छ । जलवायु परिवर्तनको असरले मनसुन समयमा सक्रिय नभएकाले रोपाइँका लागि देशका अधिकांश ठाउँमा आवश्यक वर्षा हुन सकेको छैन । मौसमको प्रतिकूलता, प्राकृतिक विपद्, अतिवृष्टि तथा अनावृष्टि, मलको समस्याले कतिपय क्षेत्रमा ढिलो रोपाइँ हुने गरेको छ । मधेस प्रदेशमा करिब पाँच प्रतिशत मात्र रोपाइँ भएको छ । धान उत्पादन तथा क्षेत्रफलका हिसाबले तराई क्षेत्र उपयुक्त मानिन्छ । सो क्षेत्रबाट धानको उत्पादकत्व वृद्धि भई कूल उत्पादनको ७० प्रतिशत योगदान रहेको छ भने पहाडी क्षेत्रमा ३० प्रतिशत उत्पादन हुने गरेको छ । केही दिनदेखि तराईका विभिन्न क्षेत्रमा पनि वर्षा सुरु हुने क्रममा रहेकाले रोपाइँ बढ्न सक्ने अनुमान गरिएको छ । नेपालमा करिब २२ लाख कृषक परिवार खान नपुग्ने अवस्थामा छन् । यस वर्ष 'जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि' मूल नाराका साथ २३औँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव विभिन्न कार्यक्रमक आयोजना गरी मनाइयो । देशभर असार १५ का दिन मनाइने राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सवले कृषि क्षेत्रमा ठूलो उत्साह र उमङ्ग ल्याउने गरेको छ । 'मानो रोपेर मुरी फलाउने' भन्ने बुढापाकाको भनाइबाट यो पर्वले धान उत्पादनमा आत्मनिर्भर बन्न किसानलाई उत्साह थपेको छ । रैथाने बालीको संरक्षण गर्ने उद्देश्यले विभिन्न ४० स्थानीय तहमार्फत यस किसिमको आर्थिक सहयोग प्रदान गरिएको केन्द्र प्रमुख केशव देवकोटाले जानकारी दिनुभयो । अनुदान प्राप्त गर्न कृषक समूह, कृषि सहकारी वा निजी फार्म सम्बन्धित निकायमा दर्ता भई नवीकरण भएको हुनुपर्ने व्यवस्था छ । केन्द्रले स्थानीय तहसँग समन्वय गरी कृषि जैविक विविधताको दिगो व्यवस्थापन भए नभएको अनुगमन समेत गर्ने गरेको छ । कृषकद्वारा परम्परागत ज्ञान तथा सीपको प्रयोगबाट गरिने उत्पादनले जैविक विविधता संरक्षणमा सहयोग पुग्ने विश्वास गरिएको छ । सरकारले धानमा आत्मनिर्भरताको नारा दिए पनि हाइब्रिड (वर्णशंकर) जातको उन्नत बीउ पर्याप्त उत्पादन हुन नसक्दा करिब रु डेढ अर्बको धानको बीउ आयात हुने गरेको छ । यस वर्ष नेपालको कृषि उत्पादन क्षेत्र मनसुनी विपत्को उच्च जोखिममा रहेको छ ।कृषि क्षेत्रको प्रगतिका लागि समयमै मल तथा उन्नत बीउको उपलब्धता, सिँचाइ सुविधाको विस्तार र धानखेतीको आधुनिकीकरण गर्न आवश्यक छ । कृषि विभागले बाली तथा बीउबिजन, अनुदान तथा तालिम, माटो परीक्षण र बजार मूल्यको व्यवस्थापन गर्न भूमिका निर्वाह गरेको छ । नेपालको संविधानको धारा ३६ मा खाद्यसम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ । संविधानको धारा ५१ मा कृषि र भूमिसुधारसम्बन्धी नीति र नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिहरू उल्लेख गरिएका छन् । खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको संरक्षण गर्न खाद्य ऐन २०२३, उपभोक्ता संरक्षण ऐन २०७५ र खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐन २०७५ कार्यान्वयनमा ल्याइएको छ । उक्त ऐनमा किसानले कृषियोग्य भूमि, बीउबिजन र प्रविधि आवश्यकताअनुसार छनोट गर्न पाउने, खाद्यसम्बन्धी नीति निर्माण प्रक्रियामा किसानलाई सहभागिता जनाउने, खाद्य उत्पादनका प्रणालीसँग सम्बन्धित व्यवसाय रोज्न पाउने जस्ता विषय समावेश गरिएको छ । खाद्य खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी नियमावली बन्ने तयारीमा छ ।

***-इहिमालयन डटकम***

# अनुदान र प्रविधिको साथले चुलाचुलीमा व्यावसायिक मकैखेती



केही वर्षअघिसम्म चुलाचुली गाउँपालिका-४ का अशोक राईका लागि मकै घरायसी उपभोगका लागि मात्रै उत्पादन हुने बाली थियो । थोरै जग्गामा लगाइने मकैले परिवारको आवश्यकता पूरा गरे पनि त्यसबाट आम्दानी हुने कल्पना उनले गरेका थिएनन् । तर अहिले अवस्था फेरिएको छ । गाउँपालिकाको अनुदान, उन्नत जातको बीउ र प्राविधिक सहयोग पाएपछि उनले आठ कठ्ठा जमिनमा व्यावसायिक मकैखेती विस्तार गरेका छ । "पहिला घरायसी प्रयोजनका लागि मात्रै थोरै मकै लगाउने गर्थ्यौं", उनी भन्छन्, "अहिले गाउँपालिकाले उन्नत जातको बीउमा सहयोग गर्न थालेपछि व्यावसायिक खेती सुरु गरेको हुँ ।" अशोक राईका लागि मात्रै होइन, इलामको चुलाचुली गाउँपालिकाका सयौँ किसानका लागि अहिले मकैखेती आम्दानीको भरपर्दो स्रोत बनेको छ । स्थानीय सरकारले सञ्चालन गरेको 'कृषि जोन कार्यक्रम'ले किसानलाई अनुदान, प्राविधिक सेवा र बजारसँग जोड्दै गाउँपालिकालाई व्यावसायिक मकै उत्पादनको उदीयमान केन्द्रका रूपमा स्थापित गर्दै लगेको छ । कृषि उत्पादन वृद्धि गर्दै किसानको आयआर्जन बढाउने उद्देश्यले सञ्चालन गरिएको कार्यक्रमअन्तर्गत गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ मा ५० प्रतिशत लागत साझेदारीमा 'टिएक्स-३६९' जातको हाइब्रिड मकैको बीउ वितरण गरेको थियो । कार्यक्रमबाट चुलाचुलीका ७०० किसान लाभान्वित भएका छन् । उनीहरूलाई कुल ६ हजार ४५६ किलोग्राम बीउ वितरण गरिएको छ भने प्रत्येक किसानले बढीमा १६ किलोग्रामसम्म बीउ प्राप्त गरेका छन् । गाउँपालिकाको कृषि विकास शाखाका प्रमुख सुवास दाहालका अनुसार वडा नं १ देखि ६ सम्मका किसानका लागि रु ४१ लाख ९६ हजार ४०० बराबरको बीउ वितरण गरिएको हो । यसमध्ये रु २० लाख ९८ हजार २०० गाउँपालिकाले अनुदान दिएको थियो भने बाँकी रकम किसानले लागत साझेदारी गरेका थिए । दाहालका अनुसार अहिले चुलाचुलीमा १०७ हेक्टर क्षेत्रफलमा व्यावसायिक मकैखेती भइरहेको छ । यहाँबाट वार्षिक करिब २४२ मेट्रिक टन मकै उत्पादन हुने गरेको छ । उत्पादन बढेसँगै किसानको आम्दानीमा पनि उल्लेखनीय सुधार देखिएको उनी बताउछन् । "हामीले बीउ वितरणमा मात्र सीमित नभई प्राविधिक परामर्श, तालिम, कृषि सामग्री र यान्त्रीकरणका कार्यक्रम पनि सञ्चालन गरिरहेका छौँ", दाहालले भने, "यसले उत्पादन लागत घटाएको छ भने उत्पादकत्व पनि बढाएको छ ।" चुलाचुली-४ का किसान टिके बुङ्क्षेन राईका लागि मकै खेती अहिले परिवारको मुख्य आयस्रोत बनेको छ । उनका अनुसार अन्य बालीको तुलनामा मकैबाट छिटो र राम्रो आम्दानी हुन्छ । "मकै बिक्रीबाट आएको पैसाले घरखर्च चलाउन र छोराछोरीको पढाइमा धेरै सहयोग पुगेको छ", उनी भन्छन्, "अरू बालीभन्दा यसमा मेहनतको प्रतिफल राम्रो पाइने रहेछ ।" व्यावसायिक खेती विस्तारसँगै गाउँपालिकाका धेरै बाँझो जमिन पुन: खेतीयोग्य बनेका छन् । खेतबारीमा श्रमिकको माग बढेको छ भने वैदेशिक रोजगारीबाट फर्किएका केही युवाले समेत कृषि व्यवसाय रोज्न थालेका छन् । स्थानीय सरकारले कृषि क्षेत्रमा गरेको लगानीले गाउँमै आयआर्जनको सम्भावना बढाएको किसानहरू बताउँछन् । उत्पादन बढे पनि बजारको अभाव भने किसानले भोग्नुपरेको छैन । किसान उपेन्द्र पौड्यालका अनुसार व्यापारीहरू मकै खरिद गर्न गाउँमै आउने भएकाले बिक्रीका लागि चिन्ता लिनु पर्दैन । "उत्पादन भएको मकै घरबाटै बिक्री हुन्छ, यहाँको मकै झापा, मोरङ र सुनसरीलगायतका बजारमा पुग्छ", उनले भने । उनले भने, "अहिले बजारको माग हेरेर खेती विस्तार गरेका छौँ, "आम्दानी हुने निश्चित भएपछि खेतीप्रतिको दृष्टिकोण नै बदलिएको छ ।" कृषि प्राविधिकहरूका अनुसार चुलाचुलीको हावापानी, उर्वर माटो र पर्याप्त वर्षा मकैखेतीका लागि अनुकूल छन् । मकै समुद्री सतहदेखि करिब १३ हजार फिट उचाइसम्म खेती गर्न सकिने बाली हो । राम्रो उत्पादनका लागि २१ देखि २७ डिग्री सेल्सियस तापक्रम उपयुक्त मानिन्छ भने पानी नजम्ने मलिलो दुमट माटो यसको खेतीका लागि राम्रो हुन्छ । मकै नेपालकै दोस्रो प्रमुख खाद्यान्न बाली हो । विशेषगरी पहाडी क्षेत्रमा यो मुख्य खाद्य बालीका रूपमा प्रयोग हुँदै आएको छ । पछिल्लो समय यसको उपयोग परम्परागत खानामा मात्र सीमित छैन । त्यस्तै ५० प्रतिशत लागत साझेदारीमा रु आठ लाख बराबरका कृषि सामग्री तथा यान्त्रीकरणका उपकरण वितरण गरिएको कृषि विकास शाखाले जनाएको छ । गाउँपालिका अध्यक्ष राजेन्द्र केरुङका अनुसार कृषि क्षेत्रलाई आगामी दिनमा पनि स्थानीय विकासको मुख्य आधारका रूपमा अघि बढाइनेछ । "कृषि उत्पादनसँगै किसानको आयआर्जन वृद्धि र स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने लक्ष्यका साथ कृषि अनुदान कार्यक्रमलाई अझ प्रभावकारी बनाउनेछौँ", उनले भने, "त्यसका लागि आवश्यक बजेटको व्यवस्था गरेका छौँ ।" अनुदान, प्रविधि, बजार र किसानको बढ्दो आत्मविश्वासले चुलाचुलीमा व्यावसायिक मकैखेतीको नयाँ सम्भावना उजागर गरेको छ । परम्परागत निर्वाहमुखी खेतीबाट व्यवसायमुखी कृषितर्फको यात्रा अहिले यस गाउँपालिकाको पहिचान बन्दै गएको छ । यहाँका हराभरा मकैका बारीहरूले केवल राम्रो उत्पादनको सङ्केत मात्र दिएका छैनन्, गाउँको बदलिँदो आर्थिक भविष्यको झल्को पनि दिएका छन् ।***-रासस***

# स्याउ निर्यात गर्दा स्थानीय तहको सिफारिस अनिवार्य



कालीकोटको तिलागुफा नगरपालिकाले नगर क्षेत्रभित्र उत्पादित स्याउ जिल्ला बाहिर निर्यात गर्दा स्थानीय तहको सिफारिस अनिवार्य गरेको छ । स्थानीय उत्पादनको गुणस्तर प्रमाणीकरण तथा निर्यात व्यवस्थापनलाई व्यवस्थित र पारदर्शी बनाउन यस्तो व्यवस्था गरिएको नगरपालिकाले जनाएको छ । नगर क्षेत्रमा उत्पादित स्याउको गुणस्तर र स्वच्छता कायम गर्दै बजारमा तिलागुफाको स्याउको विश्वसनीयता जोगाउन सिफारिस अनिवार्य गरिएको हो । जिल्ला बाहिर स्याउ निर्यात गर्ने कृषक तथा व्यवसायीले नगरपालिकाले तोकेको मापदण्डअनुसार सिफारिस लिएर मात्रै स्याउ निकासी गर्न पाउने व्यवस्था गरिएको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद कार्लेले बताए । "निर्यात प्रक्रियालाई व्यवस्थित बनाउन नगरपालिकाले तीन चरणको प्रक्रिया तय गरेको छ, जसको पालना कृषक र व्यवसायीले अनिवार्य रूपमा गर्नुपर्नेछ", उनले भने, "स्याउ ढुवानी तथा निर्यात गर्नुभन्दा कम्तीमा तीन दिनअघि कृषक वा व्यवसायीले स्याउको परिमाण र निर्यात गन्तव्य स्पष्ट उल्लेख गरी नगरपालिकाको कृषि सेवा केन्द्रमा निवेदन पेस गर्नुपर्नेछ ।" उनका अनुसार निवेदन दर्ता भएपछि नगरपालिकाका कृषि प्राविधिकले स्थलगत रूपमा स्याउको गुणस्तर, परिमाण तथा रोग वा किराको अवस्थाबारे अनुगमन र निरीक्षण गर्नेछन् । "प्राविधिक टोलीले तयार पारेको प्रतिवेदनका आधारमा नियमानुसारको राजस्व बुझाएपछि मात्रै कार्यालयबाट आधिकारिक निकासी सिफारिस पत्र प्रदान गरिनेछ", कार्लेले भने, "यस व्यवस्थाले तिलागुफाको पहिचान बनेको स्याउको बजार व्यवस्थापनलाई थप व्यवस्थित, गुणस्तरीय र व्यावसायिक बनाउन सहयोग पुग्नेछ ।" तिलागुफा नगरपालिका कालीकोटको प्रमुख स्याउ उत्पादन क्षेत्र भएकाले यहाँ उत्पादित स्याउको गुणस्तर कायम राख्न नयाँ व्यवस्था लागू गरिएको कृषि विकास अधिकृत गोविन्द भट्टले बताए । "नगरपालिकाबाट वार्षिक १० हजार क्विन्टलभन्दा बढी स्याउ निर्यात हुँदै आएको छ", उनले भने, "जथाभावी निर्यात हुँदा बजारमा तिलागुफाको स्याउको गुणस्तर र छविमा असर पर्नसक्ने भएकाले गुणस्तर कायम राख्न अनिवार्य सिफारिसको व्यवस्था गरिएको हो ।"***-रातोपाटी डटकम***

# आज प्रदोष व्रत : देशभर शिवको पूजा गरिदैं



**पाल्पा,** असार २७/ आज हिन्दू धर्मावलम्बीहरूले श्रद्धापूर्वक प्रदोष व्रत मनाउँदै छन् । प्रत्येक पक्षको त्रयोदशी तिथिको सायंकाल पर्ने प्रदोष व्रत भगवान शिवको विशेष आराधना गर्ने दिनका रूपमा मानिन्छ ।

धार्मिक विश्वासअनुसार यस दिन विधिपूर्वक व्रत बसेर शिव-पार्वतीको पूजा-आराधना गरे मनोकामना पूरा हुनुका साथै सुख, शान्ति, समृद्धि र आरोग्य प्राप्त हुने विश्वास छ । आज बिहानैदेखि देशभरका शिव मन्दिरहरूमा भक्तजनको घुइँचो लाग्ने छ । श्रद्धालुहरूले स्नान गरी उपवास बसेर बेलपत्र, धतुरो, दूध, दही, घिउ, मह र जल अर्पण गर्दै भगवान शिवको पूजा गर्ने छन् ।

विशेषगरी साँझको प्रदोषकालमा गरिने शिवपूजालाई अत्यन्त फलदायी मानिने भएकाले सो समयमा मन्दिरहरूमा विशेष आरती, भजन-कीर्तन तथा धार्मिक कार्यक्रम आयोजना गरिन्छ । धर्मशास्त्रका अनुसार प्रदोष व्रतले मानसिक शान्ति, पारिवारिक सुख, आर्थिक उन्नति तथा ग्रहदोष शमनमा सकारात्मक फल प्रदान गर्ने धार्मिक विश्वास छ । यही कारणले हरेक महिनामा पर्ने प्रदोष व्रतका अवसरमा हजारौं श्रद्धालु शिवालय पुगेर पूजा-आराधना गर्ने परम्परा रहिआएको छ । यस अवसरमा देशभरका प्रमुख शिवालयहरूमा सुरक्षा, दर्शन र पूजा व्यवस्थापनका लागि आवश्यक तयारी गरिएको सम्बन्धित निकायले जनाएको छ ।

## तीन जनाले गरे आत्मदाह...

...यद्यपी उनको छोरासँग केही विषयमा विवाद भएको प्रहरीको प्रारम्भिक जाँचमा खुलेको छ । घरमा श्रीमती र छोरासहित उनी बस्दै आएका थिए । छोरा र श्रीमती नभएका बेला भान्छा कोठामा गएर उनले आफैंलाई आगो लगाएका थिए । यस्तै बिहीबार मुगुका गणेश नेपालीले नगर प्रहरीसँग विवाद भएपछि पेट्रोल छर्केर शरीरमा आगो लगाएका थिए । उनको शुक्रबार उपचारका क्रममा वीर अस्पतालमा मृत्यु भएको थियो । यस्तै शुक्रबार नै सर्लाहीका विवेक मण्डलले पनि शरीरमा पेट्रोल छर्केर आगो लगाएका थिए । सर्लाहीको गौडेता नगरपालिका-१० का ३५ वर्षीय विवेकलाई हेलिकप्टरबाट उपचारका लागि काठमाडौं ल्याइएको छ । उनको पनि अवस्था गम्भीर रहेको जनाइएको छ ।

## दाउन्नेको सास्ती हट्यो...

...यसले स्थानीय अर्थतन्त्र, पर्यटन र दैनिक जनजीवनमा सकारात्मक प्रभाव पार्न थालेको छ", उनले भने । गत वर्षको तुलनामा यस वर्ष दाउन्ने क्षेत्रमा सवारी व्यवस्थापन सहज भएको जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का प्रहरी उपरीक्षक युवराज खड्काले बताए । "गत वर्ष निर्माण कार्य र वर्षाका कारण पटक-पटक लामो जाम व्यवस्थापन गर्नुपर्थ्यो । अहिले सडकको अवस्था सुधारिएकाले सवारी सञ्चालन सहज छ । सामान्य अवस्थामा लामो समय सडक अवरुद्ध हुने अवस्था आएको छैन", उनले भने, "प्रहरी र आयोजनाबीचको समन्वयले पनि यातायात व्यवस्थापन प्रभावकारी बनेको छ ।"नारायणघाट-बुटवल सडक आयोजना (पूर्वी खण्ड) का सूचना अधिकारी एवं इन्जिनियर शिव खनालले मुख्य सडकको कालोपत्र र कङ्क्रिट ढलान सम्पन्न भएसँगै यात्रा सहज भएको बताए । "अहिलेसम्म पूर्वी खण्डको समष्टिगत भौतिक प्रगति ९२.३८ प्रतिशत पुगेको छ", उनले भने, "अब सडक सुरक्षा, लेन मार्किङ, साइनबोर्ड, रेलिङलगायतका काम भइरहेका छन् । विगतमा जस्तो निर्माणका कारण यात्रुले सास्ती बेहोर्नुपर्ने अवस्था धेरै हदसम्म हटेको छ ।" पूर्व-पश्चिम राजमार्गको सबैभन्दा व्यस्त खण्डमध्ये पर्ने नारायणघाट-बुटवल सडक एसियाली विकास बैंक (एडीबी) को सहुलियतपूर्ण ऋण सहयोगमा विस्तार भइरहेको छ । आयोजना अन्तर्गत पूर्वी खण्डमा मुख्य सडकको कालोपत्र तथा कङ्क्रिट ढलान सम्पन्न भइसकेको छ भने सडक सुरक्षा तथा अन्य सहायक संरचना निर्माणको काम अन्तिम चरणमा पुगेको आयोजना कार्यालयले जनाएको छ । सानातिना काम जारी रहे पनि विगतमा जस्तो सामान्य वर्षा हुँदा पनि घण्टौं सडक अवरुद्ध हुने अवस्था यस वर्ष देखिएको छैन ।

### खेलकुद समाचार

## यू-१९ महिला प्रिमियरमा नेपाल विजयी



**काठमाडौं,** असार २७/ मलेसियाको क्वालालम्पुरमा शनिबारदेखि सुरु भएको एसीसी यू-१९ ट्वान्टी ट्वान्टी महिला प्रिमियर कपमा नेपाली टोलीले उत्कृष्ट विजयी सुरुवात गरेको छ । मलेसियाको बायोमास क्रिकेट ओभलमा भएको खेलमा नेपालले कतारलाई १०५ रन अन्तरले हराउँदै विजय सुरुवात गरेको हो । टस जितेर पहिले ब्याटिङ गरेको नेपाली निर्धारित २० ओभरमा ३ विकेट गुमाएर १३० बनाएको थियो । नेपालले दिएको १३१ रनको विजयी लक्ष्य पछ्याएको कतार १२ ओभरमा २५ रन बनाउँदै अलाउट भयो । कतारका कुनै पनि ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । कतारको लागि सरगम पटेलले सर्वाधिक ४ रन बनाइन् । नेपालका लागि बलिङतर्फ रचना चौधरी र रिया शर्माले ३/३ विकेट लिए । मनिषा उपाध्यायले २ र अनु कडायतले १ विकेट लिए । नेपालका लागि ओपनर ब्याटर सावित्री धामीले सर्वाधिक ५२ रनको अर्धशतकीय पारी खेलिन् । अर्की ओपनर साना प्रविणले २७ रन बनाइन् । अन्जिला पाठक २३ र तिर्शना विश्वकर्मा ५ रनमा अविजित रहे । कतारका लागि बलिङतर्फ लिहारा अवेशकाराले २ र फातिमा मुकादमले १ विकेट लिए । नेपालले दोस्रो खेल आइतबार सिङ्गापुरसँग खेल्ने छ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## कुमारी र जर्मन वित्तीय संस्थाबीच सम्झौता

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**पाल्पा,** असार २७/ कुमारी बैंक लिमिटेडले जर्मन वित्तीय संस्था डच स्पार्कासेनस्टिृटुङ फर इन्टरनेसनल कोअपरेसनसँग रणनीतिक परियोजना सम्झौता गरेको छ । उसले दिगो बैंकिङ अभ्यास प्रवर्द्धनका लागि उक्त सम्झौता गरेको हो । जर्मनीको संघीय तथा विकास मन्त्रालयको आर्थिक सहयोगमा सञ्चालित क्षेत्रीय कार्यक्रम एसियाका चयन गरिएका देशमा वित्तीय क्षेत्रको सामाजिक पारिस्थिति रूपान्तरण अभियान अन्तर्गत यो साझेदारी गरिएको बैंकले जनाएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनाल र जर्मन वित्तिय संस्था डच स्पार्कासेनस्टिृटुङ फर इन्टरनेसनल को-अपरेसनकी एसिया डिभिजन प्रमुख डा. इलोन्का रुल स्टर्नले हस्ताक्षर गरेका छन् । दिगो बैंकिङका लागि दुई चरणको खाकामा हरित बैंकिङ अभ्यासलाई संस्थागत र विस्तार गर्न यो साझेदारीलाई दुई क्रमिक चरणमा विभाजन गरिएको छ । सम्झौता दिगो बैंकिङ अभ्यासको परिपक्वतातर्फको निर्णायक कदम भएको बैंकले जनाएको छ । साझेदार संस्थाको प्राविधिक सहयोग र नेपाल ग्रीन फाइनान्स ट्याक्सोनोमीको मार्गदर्शनमा बैंकले बैंकिङ परिपाटीलाई क्रमिक रुपमा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्याससमेतका आधारमा परिस्कृत तथा परिमार्जन गर्दै हरित वित्त, न्यूनकार्बन उत्सजर्न अनि दिगो तथा उत्थानशील उद्यमशीलता प्रर्वद्धनमा समेत टेवा पुग्ने अपेक्षा राखेको छ । यस्तै बैंकले केही दिन अघि नेसनल प्याथ ल्याब एण्ड रिसर्च सेन्टर लिमिटेड, टंगाल-काठमाडौंबीच विभिन्न परिक्षण सेवाहरुमा विशेष छुट प्रदान गर्ने सम्झौता समेत गरेको छ । यस सम्झौता अनुसार ल्याबबाट प्रदान गरिने सेवाहरुमा ग्राहकहरूलाई १० प्रतिशतसम्मको विशेष छुट प्रदान गरिनेछ । ग्राहकको स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्दै, बैंकद्वारा मेदांता, इन्द्रप्रस्थ एपोलो लगायतका देश तथा विदेशका प्रतिष्ठित अस्पतालहरूसँग विशेष छुटसम्बन्धी सम्झौताहरू सम्पन्न गरिएका छन्, जसले गुणस्तरीय स्वास्थ्य सेवामा सहज र प्रभावकारी पहुँच सुनिश्चित गरेको छ ।

### भूमि प्रशासन कार्यालय तानसेन पाल्पाबाट जारी भएको श्रेस्ताकायम, नामसारीको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

पाल्पा जिल्ला ताँहु -९ हाल रम्भा-५ निवासी केश बहादुर रानाले आफ्नो बाबु कमान सिं रानाको २०५२/०९/२१ मा मृत्यू भएको निजको १ मात्र पत्नी विष्णु माया रानाको २०५५/०८/२१ मा मृत्यू भएको । निज दम्पतीको १ मात्र छोरा आफू निवेदक केश बहादुर राना रहेको । आमा विष्णु माया राना र आफू निवेदक केश बहादुर राना (ज.ध. पूर्जामा विमल राना) का नाममा संयुक्त दर्ता कायम रहेको पाल्पा जिल्ला साबिक ताँहु ९ कि. नं. ३६ जग्गाको श्रेष्ता कायम नभएको र हालसम्म आफैले हकभोग गर्दै आईरहेकोले उक्त कि.नं.को जग्गा मृतक ज.ध. विष्णुमाया राना र आफू निवेदक केश बहादुर राना (ज.ध. पूर्जामा बिमल राना) को नाममा श्रेष्ता कायम गरी हकदार आफू मात्र रहेकोले मृतक आमाको हकहिस्सा समेत आफ्ना नाममा एकलौटी नामसारी गरी पाउँ भनी निवेदन गरेको सम्बन्धमा निवेदन व्यहोरा साँचो हो वा होइन ? उक्त कि.नं. को जग्गामा निवेदकको हकभोग छ वा छैन ? अन्य कोही कसैको हकभोग छ की ? माथि उल्लेखित कि.नं. को जग्गा ज.ध. हरुले अन्यत्र बेचविखन वा अन्य तरिकाले हकहस्तान्तरण गरेका छन् वा छैनन् ? उक्त कि.नं. को जग्गाको श्रेष्ता कायम हालसम्म किन नगरिएको हो ? ज.ध. मध्ये १ विष्णुमाया राना दम्पतीको मृत्यू भएको हो वा होइन ? निजहरुका १ मात्र छोरा ज.ध. मध्यका अर्का केश बहादुर राना हुन कि होइनन् ? मृतक ज.ध.को शेषपछिका हकवाला के कति छन् ? निवेदक बाहेक अन्य हकवाला छन्, छैनन् ? अविवाहित छोरीहरु छन कि छैनन् ? ज.ध. मध्यका अर्का केश बहादुर रानाको नाम ज.ध. प्रमाण पूर्जामा बिमल राना र ना. प्र. मा केश बहादुर राना भएकोमा दुवै नामथर गरेका व्यक्ति एउटै हुन कि होइनन् ? जीवित ज.ध.को नामथर बिमल राना बाट संशोधन गरी केश बहादुर राना कायम गर्न मिल्छ कि मिल्दैन ? माथि उल्लेखित जग्गाहरु मृतक ज.ध. विष्णुमाया राना र जीवित ज.ध. केश बहादुर राना (ज.ध. पूर्जामा बिमल राना)को नाममा श्रेस्ता कायम गरी निवेदक छोरा केश बहादुर रानाका नाममा एकलौटी नामसारी गरिदिंदा अन्य कोही कसैलाई असर पर्छ कि पर्दैन ? उल्लेखित जग्गाहरु ज.ध.का नाममा श्रेष्ता कायम गरी निवेदकका नाममा नामसारी गरिदिन मिल्छ वा मिल्दैन ? निवेदन मागदावी बमोजिम गरिदिंदा कसैको हकदैयामा असर पर्ने वा श्रेष्ता कायम गरी नामसारी गर्न नमिल्ने भएमा बाटोको म्याद वाहेक ३५ (पैतिस) दिन भित्र यस कार्यालयमा सप्रमाण उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दाबी विरोध नपरेमा प्रचलित कानुन बमोजिम ज.ध.का नाममा श्रेष्ता कायम भई निवेदकका नाममा नामसारी भई जाने र पछि कोही कसैको उजुर बाजुर नलाग्ने व्यहोरा समेत यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ ।

*इति सम्वत २०८३ साल आषाढ २८ गते रोज १ शुभम् ।*


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई